## वस्तुगत प्रश्नोत्तर

१. **सबैभन्दा धेरै पटक सगरमाथा आरोहण गरी विश्व कीर्तिमान कायम गर्ने पर्वतारोही को हुन् ?**

✍ कामिरिता शेर्पा

- विसं २०८१ वैशाख ३० मा उनले २९ औँ पटक सफल आरोहण गरेका हुन्।
- व्यक्तिगत रूपमा सबैभन्दा धेरै पटक सगरमाथाको सफल आरोहण गर्ने आफ्नै कीर्तिमान तोडेर शेर्पाले २९ औँ पटक सफल आरोहण गर्ने नयाँ कीर्तिमान बनाएका हुन्।
- उनले सन् १९९४ मे १३ मा पहिलो पटक सगरमाथाको आरोहण गरेका थिए।

२. **नेपाल राष्ट्र बैङ्कद्वारा २०८१ वैशाख ३० मा सार्वजनिक आर्थिक वर्ष २०८०/८१ को प्रथम नौ महिनाको आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदन अनुसार यो अवधिसम्ममा विप्रेषण आप्रवाह कति प्रतिशत वृद्धि भएको छ ?**

✍ १९.८ प्रतिशत

- विप्रेषण आप्रवाह १९.८ प्रतिशतले बढेर १० खर्ब ८२ अर्ब ६२ करोड पुगेको छ।
- चैत्र मसान्तसम्ममा शोधनान्तर स्थिति तीन खर्ब ६५ अर्ब १६ करोडले र चालु खाता एक खर्ब ७९ अर्ब ४८ करोडले बचतमा रहेको।
- विसं २०८० असार मसान्तमा १५ खर्ब ३९ अर्ब ३६ करोड बराबर रहेको विदेशी विनिमय सञ्चिति २४.२ प्रतिशतले वृद्धि भई चैत मसान्तसम्ममा १९ खर्ब ११ अर्ब ८६ करोड पुगेको।
- बैङ्किङ क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चितिले १५ महिनाको वस्तु आयात र १२.५ महिनाको वस्तु तथा सेवा आयात धान्न सक्ने देखिएको छ।
- यस अवधिमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत- नयाँ) लिने नेपालीको सङ्ख्या तीन लाख २९ हजार ४ सय २२ र पुनः श्रम स्वीकृति लिनेको सङ्ख्या दुई लाख १२ हजार ७२१ रहेको छ।
- राष्ट्र बैङ्कका अनुसार वार्षिक बिन्दुगत आधारमा उपभोक्ता मूल्य सूचकाङ्कमा आधारित मुद्रस्फीति ४.६१ प्रतिशत रहेको छ। अघिल्लो वर्षको चैत्र महिनामा यस्तो मुद्रास्फीति ७.७६ प्रतिशत रहेको थियो।
- २०८० चैत्र महिनामा काठमाडौँ उपत्यकाको वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति ४.०६, तराईको ४.५८, मन्त्रालयसँगको सहकार्यमा गर्दै आएको सो सम्मेलनले नेपाली वस्तु उत्पादन र खपत प्रवर्धन एवं निर्यातका लागि प्रतिस्पर्धात्मक क्षमता विस्तारलाई मुख्य जोड दिएको छ।
- वार्षिक एक हजार नयाँ उद्योग दर्ता, दिगो विकासको लक्ष्य अनुसार कुल गार्हस्थ उत्पादनमा उत्पादनमूलक क्षेत्रको हिस्सा सन् २०३० सम्ममा २५ प्रतिशत पुऱ्याउने, औद्योगिक क्षेत्रबाट वार्षिक डेढ लाख रोजगारी सिर्जना गर्ने र पाँच वर्षभित्र वार्षिक निर्यात ४.६ अर्ब अमेरिकी डलर पुऱ्याउने लक्ष्यसहित मेक इन नेपाल अभियान सञ्चालनमा ल्याइएको हो।

८. **नेपाल ग्लोबल ग्रिन ग्रोथ इन्स्टिच्युट (जिजिजिआई) को कतिऔँ सदस्य राष्ट्र बनेको हो ?**

✍ ४४ औँ

- (विसं २०७९ साउन ४ मा सङ्घीय संसद्‌बाट ग्लोबल ग्रिन ग्रोथ इन्स्टिच्युटको सदस्य बन्नेसम्बन्धी प्रस्ताव बहुमतका साथ अनुमोदन भएसँगै नेपाल यस संस्थाको सहभागितामूलक सदस्य बनेको हो।)

९. **गोल्डम्यान पुरस्कार र अब्राहम पुरस्कार कुन क्षेत्रसँग सम्बन्धित छन् ?**

✍ वातावरण

- गोल्डम्यान पुरस्कार वातावरण क्षेत्रको नोबल पुरस्कार मानिन्छ।
- वातावरण क्षेत्रको सर्वाधिक धन राशिको पुरस्कार ब्लु प्लानेट पुरस्कार हो।
- गालान्टे कन्जर्भेसन अवार्डबाट सम्मानित हुने नेपाली डा. मुकेशकुमार चालिसे हुन्।
- युएनइपीद्वारा प्रदान गरिने ग्लोबल-५०० पुरस्कारबाट सम्मानित नेपाली कृष्णकुमार पाण्डे (१९८७) हुन्।

१०. **मधुपर्क सम्मान-२०८१ बाट सम्मानित स्रष्टा को हुनुहुन्छ ?**

✍ प्रा. कृष्ण गौतम, कवि मञ्जु काँचुली र कथाकार किशोर पहाडी

- गोरखापत्र राष्ट्रिय दैनिकको सहप्रकाशन मधुपर्कले २०५९ सालदेखि यो सम्मान प्रदान गर्दै आएको छ।
- सो सम्मानको राशि जनही ५० हजार रुपियाँ रहेको छ।

पहाडको ५.३३ प्रतिशत र हिमालको ४.३२ प्रतिशत रहेको छ।

- चालु आर्थिक वर्षको मौद्रिक नीतिले मुद्रास्फीति ६.५ प्रतिशतमा सीमित राख्ने लक्ष्य राखेको छ।
- चालु खाता एक खर्ब ७९ अर्ब ४८ करोडले बचतमा पुगेको छ। गत वर्ष यही अवधिमा चालु खाता ६० अर्ब ४३ करोडले घाटामा थियो।
- देशमा भित्रिने प्रत्यक्ष विदेशी लगानी र देशबाट बाहिरिने लाभांशको समष्टिको सूचक प्रत्यक्ष वैदेशिक लगानी यस अवधिमा छ अर्ब ४८ करोडले धनात्मक छ। अघिल्लो वर्ष यही अवधिमा यो सूचक दुई अर्ब ६२ करोडले धनात्मक थियो।

३. **बागमती प्रदेशको दोस्रो युवा सम्मेलन कहिले सम्पन्न भएको हो ?**

✍ विसं २०८१ वैशाख २८–३०, हेटौँडा

- सम्मेलनले १३ बुँदे घोषणापत्र जारी गरेको छ।
- प्रदेशको सामाजिक विकास मन्त्रालय अन्तर्गत रहेको प्रदेश युवा परिषद्को आयोजनामा सम्मेलन भएको हो।
- बागमती प्रदेशका युवालाई सशक्तीकरण गर्दै सिर्जनशील र उद्यमशील बनाउने लक्ष्यसहित युवा सम्मेलन आयोजना गरिएको हो।
- सम्मेलनमा बागमती प्रदेशका १३ वटै जिल्लाका युवाको सहभागिता रहेको थियो।

४. **नेपालगन्ज नाकास्थित एकीकृत भन्सार जाँच चौकी (आइसिपी) कहिलेदेखि सञ्चालनमा आएको हो ?**

✍ विसं २०८१ वैशाख २४

- सञ्चालनमा आएसँगै नेपाल–भारतबिचको व्यापारमा सहजीकरण हुने विश्वास लिइएको छ।
- गैरकानुनी रूपमा हुने चोरीपैठारी नियन्त्रण र आन्तरिक राजस्व वृद्धिमा सहयोग पुग्ने छ।
- उद्योग वाणिज्य तथा आपूर्ति मन्त्री दामोदर भण्डारीद्वारा जाँच चौकीको शुभारम्भ गरिएको छ।
- करिब दुई अर्ब ७५ करोड लागतमा एकीकृत जाँच चौकी निर्माण भएको छ।

५. **काठमाडौँ महानगरपालिकाद्वारा काठमाडौँको टुँडिखेलमा सिप मेलाको सुरुवात कहिले गरियो ?**

✍ विसं २०८१ वैशाख २१ (जेठ १९ सम्म सञ्चालन हुने)

- १० विधा र ३० पेसाका लागि सञ्चालित प्रशिक्षणको अवधि

११. **नेपाल चार्टर्ड एकाउन्टेन्ट्स सङ्घद्वारा प्रदान गरिएको कर्पोरेट एक्सिलेन्सी अवार्डबाट सम्मानित व्यक्तित्व को हुनुहुन्छ ?**

✍ चन्द्रप्रसाद ढकाल

१२. **पहिचान पुरस्कार–२०८१ कसलाई प्रदान गरियो ?**

✍ लेखक प्रगति राई र पत्रकार प्रकाश गुरागाईं

- पहिचान पुरस्कार कोषले राई र गुरागाईंलाई नगद चार लाख रुपियाँसहित २०८१ वैशाख २२ मा सम्मान गरेको हो।
- महिलाको वंश अधिकारमाथि लेखिएको राईको नयाँ उपन्यास याङ्ग्री र गुरागाईंको कृति जङ्क्सन पिपलबोटलाई कोषले संयुक्त रूपमा सम्मान गरेको हो।

१३. **अमेरिकास्थित मासाचुसेट्स राज्यको एसियन अमेरिकन तथा प्यासिफिक आइस्ल्यान्डर कमिसन (एएपिआई) ले लाइफ टाइम अचिभमेन्ट अवार्डबाट कसलाई सम्मानित गऱ्यो ?**

✍ प्रह्लाद केसी (सन् २०२४ मे)

- (सन् १९७० को दशकमा पढ्नका लागि अमेरिका गएका केसीले मानव अधिकारको क्षेत्रमा परामर्शदाताका रूपमा काम गरेका छन्।)

१४. **गण्डकी प्रज्ञा–प्रतिष्ठानले गण्डकी प्रज्ञा साहित्य सम्मानबाट कसलाई सम्मानित गऱ्यो ?**

✍ भूपिन व्याकुल

**प्रतिष्ठानले सात सर्जकलाई सम्मानित गरेको छ :**

**गण्डकी प्रज्ञा साहित्य सम्मान** : भूपिन व्याकुल (बागलुङ)

**गण्डकी प्रज्ञा संस्कृति सम्मान** : खगराज शर्मा (कास्की)

**गण्डकी प्रज्ञा सङ्गीत सम्मान** : पुरुषोत्तम न्यौपाने (स्याङ्जा)

**गण्डकी प्रज्ञा कला सम्मान** : गोपाल श्रेष्ठ (कास्की)

**गण्डकी प्रज्ञा प्रतिष्ठान नारी सम्मान** : सरस्वती प्रतीक्षा (तनहुँ)

**गण्डकी प्रज्ञा युवा सम्मान** : रविन गुरुङ (स्याङ्जा र छिरिङ फोन्जो (मुस्ताङ)

- सुरुका चार सम्मानको राशि जनही एक लाख, नारी सम्मानको राशि ५० हजार र प्रज्ञा युवा सम्मानको राशि जनही २५ हजार रुपियाँ रहेको छ।
- गण्डकी प्रदेशका मुख्यमन्त्री खगराज अधिकारी, साहित्यकार सरुभक्त, कलाकार दुर्गा बराल वात्स्यायन लगायतद्वारा सर्जकलाई सम्मान प्रदान गरियो।

सात दिन, १५ दिन र ३० दिनको रहेको छ।

- चालु आव मा १५ हजारलाई सिपमूलक तालिम दिने र पाँच हजारलाई रोजगारी दिने महानगरपालिकाको गौरवको 'रोजगारी र आय वृद्धि, काठमाडौँ महानगरको समृद्धि' कार्यक्रम अन्तर्गत सिप मेला आयोजना गरिएको हो।

६. **राष्ट्रिय गौरवको सुनकोशी–मरिण डाइभर्सन बहुउद्देश्यीय आयोजना अन्तर्गतको सिँचाइ सुरुङ कहिले छिचोलियो (ब्रेक थ्रु) ?**

✍ विसं २०८१ वैशाख २६

- प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' द्वारा सुरुङ खन्ने टनेल बोरिङ मेसिन (टिबिएम) को स्वीच थिचेपश्चात् सुरुङ छेडिएको हो।
- सिन्धुलीको कमलामाई नगरपालिका–२, कुसुमटारबाट सुरु भएको सुरुङ सुनकोशी गाउँपालिका–७, कानदुङ्ग्रीस्थित नदी किनारमा निकालिएको हो।
- सोही ठाउँबाट सुनकोशीको पानी सुरुङमार्फत लगेर मध्यतराईका पाँच जिल्लामा सिँचाइ सुविधा पुऱ्याउने सरकारी योजना छ।
- सिँचाइका लागि नेपालले निर्माण गरेको यो दोस्रो आधुनिक सुरुङ हो। यसअघि १२.२१ किलोमिटर लामो भेरी–बबई सिँचाइ आयोजनामा सुरुङ बनाइएको छ।
- सिन्धुली र रामेछापको सिमाना भएर बग्ने सुनकोशीको पानीलाई सुरुङमार्फत मरिण नदीमा खसालिने छ। त्यसलाई हालको बागमती सिँचाइ आयोजनाका संरचनामार्फत मध्य तराईका धनुषा, महोत्तरी, सर्लाही, रौतहट र बाराको एक लाख २२ हजार हेक्टर जमिनमा वर्षेभरि सिँचाइ सुविधा पुऱ्याउने आयोजनाको लक्ष्य छ।
- परियोजनाबाट सिँचाइसँगै ३१.०७ मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य पनि रहेको छ।

७. **मेक इन नेपाल : स्वदेशी सम्मेलन २०२४ कहिले सम्पन्न भएको हो ?**

✍ विसं २०८१ वैशाख २५

नेपाली वस्तुको उत्पादन, खपत तथा निर्यात वृद्धिका लागि ३५ बुँदे घोषणापत्र जारी गरिएको छ।

- नेपाल उद्योग परिसङ्घ (सीएनआई) ले उद्योग

१५. **नेपाल सरकारले एक सय रुपियाँको नोटमा चुच्चे नक्सा समावेश गरी जारी गर्ने निर्णय कहिले गरेको हो ?**

✍ विसं २०८१ वैशाख २०

- हाल चलनचल्तीमा रहेको रुपियाँ एक सय दरको बैङ्क नोटको अग्रभागको पृष्ठभूमिमा रहेको नक्साको सट्टा नेपालको नयाँ नक्सा राखी डिजाइन परिमार्जन गर्न स्वीकृति प्रदान गर्ने निर्णय मन्त्रीपरिषद्ले गरेको छ।
- नेपालले २०७७ जेठ ७ गते नयाँ चुच्चे नक्सा सार्वजनिक गरेको थियो।
- नेपालले सुगौली सन्धि अनुसार काली नदीपूर्वका लिम्पियाधुरा, कालापानी र लिपुलेक क्षेत्र समेटेर नेपालको नयाँ राजनीतिक र प्रशासनिक नक्सा लागु गरेको हो। ती भूभाग यसअघि प्रचलनमा रहेको नेपालको नक्सामा थिएनन्।
- नेपालको नयाँ नक्सामा लिम्पियाधुरा माथिबाट बग्ने काली नदीपूर्वको गुन्जी, नाभी, कुटीलगायतका भूभाग समेटिएको छ।

१६. **२०८१ सालमा प्रदान गरिएको उत्तम शान्ति पुरस्कारबाट सम्मानित स्रष्टा को हुन् ?**

✍ रोशन शेरचन

- उत्तम शान्ति पुरस्कार गुठीले रोशन शेरचनको निबन्ध सङ्ग्रह 'गल्ली संसार' लाई सो पुरस्कार प्रदान गर्ने निर्णय (२०८१ वैशाख ३०) गरेको छ।
- पुरस्कारको राशि एक लाख रुपियाँ तथा ताम्रपत्र रहेको छ।

१७. **ग्लोबल फाइनान्स म्यागेजिनको बेस्ट बैङ्क अवार्ड–२०२४ बाट सम्मानित नेपाली बैङ्क कुन हो ?**

✍ ग्लोबल आइएमई बैङ्क

- ग्लोबल आइएमई ग्लोबल फाइनान्सको यो अवार्डबाट सम्मानित हुने पहिलो नेपाली बैङ्क हो।
- म्यागेजिनले अफ्रिका, एसिया प्यासिफिक, क्यारेबियन, मध्य अमेरिका, ल्याटिन अमेरिका, मध्य र पूर्वी युरोप, मध्यपूर्व, उत्तर अमेरिका र पश्चिम युरोप क्षेत्रका उत्कृष्ट बैङ्कहरूलाई सम्मान गरेको हो।

**प्रस्तुतकर्ता : टङ्क केसी**